# माईजोगमाई गाउँकार्यपालिका

## सार्वजनिक सुनुवाइ कार्यक्रमको प्रतिवेदन
२०७५

मिति : २०७५/०२/२९

माईजोगमाई गाउँपालिका
नयाँबजार, ईलाम
१ नं. प्रदेश, नेपाल
२०७५

मितिः २०७५/०२/२९

## विषय : प्रतिवेदन पेश गरिएको वारे ।

**श्री माईजोगमाई गाउँकार्यपालिका**

प्रस्तुत विषयमा गाउँपालिका क्षेत्र भित्र स्थानीय तह र नागरिकहरुका बीचमा दोहोरो सम्बाद स्थापित गर्न र त्यस्तो सम्बाद बाट जनतालाई विकासको प्रकृयामा रचनात्मक प्रतिनिधित्व गराई सुशासनको माध्यमद्धारा स्थानीय तहको विकास निर्माण कार्य र सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउन यस गाउँपालिकामा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरी यो प्रतिवेदन तयार गरी पेश गरिएको छ ।

**क) कार्यक्रमको उद्धेश्यः**

माईजोगमाई गाउँपालिका स्थानीय सरकारको रुपमा रहेको छ । यस स्थानीय तहवाट संचालित विकास कार्यक्रम, उपलब्ध सेवा, बस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्बन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउन यो सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएको हो ।

ख) स्थानीय तहको कार्यक्रम तथा मुख्य प्रगती विवरणः

**पुर्वाधार तर्फः**

आ.व. २०७४।७५ को गाउँसभाबाट स्विकृत कार्यक्रम बमोजिम पुर्वाधार तर्फ कुल बजेट १२ करोड मध्ये ५७ प्रतिशत अर्थात ६ करोड ९१ लाख ५० हजार विनियोजन भएको थियो । गाउँपालिका स्तरिय सडक पुर्वाधार तर्फ विनियोजित बजेट मध्ये नयाँबजार प्यांग, नयाँबजार नामसालिंग, नयाँवजार जोगमाई, नयाँबजार थुम्के, नयाँबजार डम्पिंग साइट सडक खण्डहरु सम्पन्न हुने क्रममा रहेका छन् भने वडा स्तरीय सडक पुर्वाधारहरु, वडा स्तरिय सिंचाई आयोजनाहरु सम्पन्न हुने क्रममा रहेका छन् । वडा नं. ४ र ५ कार्यालय भवन निर्माण तिव्र गतिमा कार्य भइरहेको छ । त्यसै गरी वडा नं. १ कार्यालय भवन निर्माण कार्य केही ढिलो काम भई रहेको छ । सहरी विकास कार्यक्रम अर्न्तगत नयाँबजारमा ढल निकास निर्माण भई रहेको छ । नयाँ बजार कालोपत्रे निर्माण कार्य समय अगावै पानि झरी परेको कारण डि.पि.आर. गर्ने कार्य मात्र सम्पन्न गरियो निर्माण कार्य शुरु गर्न सकिएन । विद्युतिय पोल खरिद कार्य जिल्ला दररेट तथा टेण्डर निकाल्ने समयको कारणले अगाडी वढाउन सकिएन । सञ्चार क्षेत्रमा वडा कार्यालयमा इन्टरनेट सुविधा उपलब्ध भईसकेको छ ।

## आर्थिक विकास तर्फः

कृषि तथा पशु सेवा तर्फ कुल बजेट ३७ लाख विनियोजन भएकोमा साझेदारी अनुदानमा आधुनिक कृषि औजारहरु कृषकहरुलाई वितरण कार्यक्रम सञ्चालन भएको तथा कृषकहरुलाई विकास तथा विउ विजन वितरण र कृषि अवलोकन भ्रमण कार्यक्रम समेत सम्पन्न भएको छ। पशु सेवा तर्फ विउ वोका वितरण, गोठ सुधार कार्यक्रम सञ्चालनमा रहेको छ भने पशु विकास तथा नश्ल सुधारका लागि आवश्यक पर्ने लिक्वीड नाइटोजन निशुल्क उपलब्ध गराउँदै आएको छ।
पर्यटन सम्बन्धी ५ वटा योजना सञ्चालनमा रहेको छ भने पर्यटन सम्बन्धी सचेतना तथा अध्ययन कार्यक्रम सम्पन्न भईसकेको छ। सहकारी मार्फत आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्न विभिन्न सहकारी संस्थालाई सहकारी प्रवर्द्धन गर्न १२ लाख उपलब्ध गराइएको छ।

उद्योग तथा वाणिज्य प्रवर्द्धन अर्न्तगत १० दिने आधारभूत होटल व्यवस्थापन तालिम २२ जना सहभागिहरुलाई दिइएको थियो भने २१ जना सहभागीलाई होम स्टे तालिम दिईरहेको छ।

## सामाजिक विकास तर्फ

शिक्षा तर्फ वडा स्तरमा नमुना विद्यालय कार्यक्रम, विद्यालयहरुको मर्मत तथा सुधार कार्यक्रम, विषय शिक्षक तालिम, विद्यार्थी पुरस्कार, विद्यालय पुरस्कार कार्यक्रम आदी कार्य सम्पन्न. हुने क्रममा रहेको छ। स्वास्थ्य सेवा तर्फ स्वास्थ्य केन्द्र चौकिहरुमा आवश्यक सामग्रीको व्यवस्थापन, स्वास्थ्य केन्द्रहरुको मर्मत तथा गाउँघर क्लिनिक भवन निर्माणको कार्य सम्पन्न हुने क्रममा रहेको छ। खानेपानी तथा सरसफाई तर्फ वडा स्तरमा खानेपानी मर्मत तथा व्यवस्थापन कार्यक्रम सम्पन्न भईरहेको, नयाँबजार खानेपानी ट्यांकी निर्माण तथा पाईपलाइन मर्मत सम्भार कार्य सम्पन्न भई रहेको, गाउँपालिकालाई पूर्ण सरसफाई घोषणा गर्ने अभियान अर्न्तगत वडा नं. १ र ६ पूर्ण सरसफाई उन्मुख घोषण भएको तथा वाँकी वडाहरु घोषणा हुने क्रममा रहेको, गाउँपालिका क्षेत्रभित्र खानेपानी मुहान संरक्षण र विस्तार कार्यक्रम अर्न्तगत मुहान संरक्षण कार्य भईरहेको भने रातेखोला नयाँबजार खानेपानी डीपिआर तयार गर्ने कार्य शुरुहुन नसकेको अवस्था छ। संस्कृति प्रवद्धन तर्फ वडा स्तरिय मठ मन्दिर, गम्वा आदी २१ वटा निर्माण तथा मर्मत सम्भार कार्य सञ्चालनमा रहेको, खेलकुद तथा मनोरञ्जन तर्फ गा.पा स्तरिय खेलकुद मैदान निर्माण सम्पन्न भई सकेको अवस्था छ। वडा स्तरमा अन्य १२ वटा खेलकुद मैदान निर्माण तथा विस्तार कार्यक्रम सम्पन्न भईसकेको छ। विभिन्न खेलकुद विकास कार्यक्रम प्रवर्द्धनका लागि खेलकुद संचालन तथा व्यवस्थापन तर्फ वाट माईभ्याली गोल्डकप आर्थिक सहयोग, राष्टिपति रनिंग सिल्डमा आर्थिक सहयोग लगायतका खेलकुद क्लवलाई आर्थिक सहयोग उपलब्ध गराईएको छ।
लैगिक समानता तथा समाजिक समावेशीकरण तर्फ महिला, आदिवासी जनजाती, दलित, अपांग, पिछडिएको जाती , जेष्ठ नागरिक, बाल सञ्जाल गठन गरी विभिन्न शशक्तिकरणका कार्यक्रमहरु सञ्चालनमा रहेका छन्।

## वातावरण तथा विपद व्यवस्थापन तर्फः

वन तथा भू संरक्षण तर्फ वृक्षरोपण तथा घेरावार कार्यक्रमका लागि छ वटै वडामा १।१ वटा योजना कार्यक्रम सञ्चालनमा रहेको छ । दिगो विकासको अवधारण अनुसार वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन भई रहेको छ । गाउँपालिकाको मुख्य बजार क्षेत्रमा वजार ढल व्यवस्थापन कार्यक्रम अन्तिम अवस्थामा पुगेको छ ।

यस गाउँपालिकामा संभावित विपद व्यवस्थापनका लागि एक विपद व्यवस्थापन कोषको व्यवस्था गरिएको छ । सो कोषबाट स्थानीय विपद व्यवस्थापन कार्यविधि बमोजिम हुनेगरी राहत उपलब्ध समेत गराईएको छ ।

## संस्थागत विकास सेवा प्रवाह र सुशासन

यस गाउँपालिकामा सेवा प्रवाहका विषयमा आईटी वेश बनाउन आधारभूत संरचना तयार पारीएको छ, गाउँपालिकाको प्रोफाइल तयार गरिएको साथै पहिलो गाउँसभाबाट पारित कानुन संग्रह प्रकाशित गरिएको छ तथा गाउँपालिकाको शिक्षा नियमावलि प्रकाशित गरिएको छ भने गाउँपालिकाको वास्तविक तथ्याङ्कमा आधारित भएर सोलिड नेपाल सँग सम्झौतागरी वास्तविक तथ्याङ्कमा आधारित भएर दिर्घकालिन सोच लक्ष्य र उद्देश्यका साथ पञ्चवर्षिय योजना तयार को क्रममा छ । त्यसै गरी पञ्जिकरण तथा सामाजिक सुरक्षा सम्बन्धी सेवा लाई चुस्तदुरुत गर्न कर्मचारीहरुलाई आधारभूत तालिम दिइएको छ भने स्थानिय तह शासन सञ्चालन र प्रर्वधन गर्न जनप्रतिनिधि तथा कार्मचारी हरु लाई सचेतना कार्यक्रम संचालन भईसकेको छ । स्थानीय राजश्वको स्रोत अनुमान तथा प्रर्वधनका लागि वडागतरुपमा छलफल तथा गोष्ठी संचालन भई सुझाव एकीकृत हुने क्रममा छ ।

विविध कारणले निर्वाचन तथा मानव संसाधनको कमीले घुम्ति सेवा तथा घरदैलो कार्यक्रम गर्न सकिएको छैन साथै चौमासिक बुलेटिन प्रकाशन गर्न सकीएको छैन ।

**सामाजिक विकास शाखा अन्तरगत भएका कार्यक्रमहरु**

पूर्वाधार विकास सँगसँगै सामाजिक विकास पनि अगाडी लैजानु पर्दछ अथवा Social engeenering विनाको विकास मानव विकासको लागि अधुरो अपुरो हुने भएको हुँदा राज्यले सामाजिक विकासको पक्षलाई जोडदार उठाएको सन्दर्भमा माईजोगमाई गाउँपलिकाले पनि सामाजिक विकास अनतरगत स्वास्थ्य, शिक्षा,खानेपानी,शसक्तिकरण र सामाजिक सुरक्षाको क्षेत्रमा लगानी गरी विविध कार्यक्रमहरु संचालन गरेकोमा उक्त कार्यक्रमको हाल सम्म भएका प्रगति प्रतिवेदन यस प्रकार रहेकोछ ।

तालिम सञ्चालन तर्फः

- व्यक्तिगत घट्ना (Vital Event) दर्तालाई अनलाई प्रणालीमा लैजाने तालिम सम्पन्न भएको छ ।
- गाउँपालिकाले वालमैत्री स्थानीय शासन अवलम्वन गरी गाउँपालिका स्तरिय वालमैत्री स्थानीय शासन समिती गठन भै अभिमुखीकरण तालिम सम्पन्न भएकोछ,
- सम्पूर्ण वडाहरुमा वडास्तरिय समिती गठन भई अभिमुखीकरण तालिम सम्पन्न भई धेरै वटा वडाहरुमा टोल स्तरिय समिती गठन भई अभिमुखीकरण कार्यक्रम समेत सम्पन्न भईसकेको छ ।
- वजेट तथा योजना तर्जुमा सम्वन्धी तालिम सम्पन्न भएको छ ।
- एकिकृत सम्पत्ती कर सम्वन्धी तालिम सम्पन्न भएको छ ।(१९ जना सहभागी)
- स्थानीय सरकार सञ्चालन सम्वन्धी तालिम सम्पन्न भईसकेको छ (४२ जना सहभागी)
- उपभोक्ता समिती सचेतना तालिम सम्पन्न भएको छ ।
- ६ वटै वडाहरुमा पर्यटन प्रर्वधन सम्वन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ
- लक्षित वर्ग अन्तरगत महिलाहरुले वडा नं.४ मा सिलाई कटाई तालिम सञ्चालन गरिरहेको छ ।
- वडा नं.१,५ र २ मा विपन्न महिलाहरुको लागि आयआर्जन अन्तरगत वाखापालन कार्यक्रम को लागि सम्झौता भई सकेको छ ।
- वडा नं.६ र ३ मा नेतृत्व विकास तथा संस्थागत क्षमता विकास तालिम सम्पन्न भई सकेको छ ।

गा.पा स्तरका जम्मा योजनाहरु २८ वटा योजना प्रगती प्रतिशत ४७।२६ , वडा नं. १ को ४२ योजनाहरु प्रगती २०।३६ प्रतिशत, वडा नं. २ को ३९ योजना प्रगती  ३७।३० प्रतिशत, वडा नं. ३ को ३७ वटा योजना प्रगती ६७।६५ प्रतिशत, वडा नं. ४ को ३४ वटा योजनाको  प्रगती ४२।८६ प्रतिशत, वडा नं. ५ को ३८ वटा योजना प्रगती  ४५।९० प्रतिशत र  वडा नं. ६ को ३३ वटा योजना प्रगती ४७।६८ प्रतिशत रहको छ। औषत प्रगती ४५ प्रतिशत रहेको छ।

# धन्यवाद